वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६
Email : bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

वर्ष ४५ अंक २९ | २०८३ जेठ ०३ गते आइतबार, नेपाल सम्वत् ११४६ May 17, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**बाँध निर्माणस्थलः** तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधिन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाको प्याकेज १ अन्तरगतको बाँध निर्माणस्थल । *तस्विरः भञ्ज्याङ*

# चार लेनको आर्क ब्रिजमा ८४ प्रतिशत प्रगति

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

मुग्लिन पोखरा सडकखण्ड अन्तर्गत दमौली बजारमा निर्माणाधीन चार लेनको पुलको



भौतिक प्रगति ८४ प्रतिशत पुगेको छ । व्यास नगरपालिका-४ र ५ मादी नदीमाथि निर्माण भइरहेको पुलको आर्थिकतर्फ ८१ दशमलव दुई प्रतिशत प्रगति भएको हो ।

उक्त खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले पुल निर्माण तीव्र गतिमा भइरहेको जनाउँदै हाल दुवैतर्फको फाउण्डेशनको काम सकिएर आर्क डिजाइन निर्माण भइरहेको बताए । उनका अनुसार तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी उक्त पुलको काम सुरू गरिएकामा गत भदौ २१ गते ठेक्काको म्याद सकिएपछि आगामी असार १९ गतेसम्म म्याद थप भएको छ ।

इन्जिनियर पाण्डेका अनुसार

बाँकी अन्तिम पेजमा

# लमजुङको भुजुङः मौलिक संस्कृति बोकेको पर्यटकीय गाउँ

**नवीन पौडेल**/काठमाडौं

हरियाली डाँडाकाँडा, ढुङ्गाले बनेका र छाएका परम्परागत घर, खेतबारीमा व्यस्त स्थानीय र गुरूङ संस्कृतिको जीवन्त पहिचान बोकेको लमजुङको भुजुङ गाउँ पछिल्ला वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइ बन्दै गएको छ।

सदरमुकाम बेँसीसहरबाट करिब ३२ किलोमिटर उत्तरपश्चिममा पर्ने क्व्होलासोथार गाउँपालिका-४ स्थित भुजुङ समुद्री सतहदेखि करिब एक हजार ६०० मिटर उचाइमा अवस्थित छ । गुरूङ समुदायको बाक्लो बसोबास रहेको यो गाउँ परम्परागत संस्कृति, मौलिक जीवनशैली र आत्मीय आतिथ्यका कारण लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदैछ।

कच्ची सडक पार गर्दै जिपमार्फत गाउँ पुग्दा बाटोभरि देखिने हरिया पहाड, खोल्साखोल्सी र ग्रामीण जीवनशैलीले जो-कोही यात्रुलाई मोहित गराउँछ । गाउँ छिर्नासाथ ढुङ्गाले छाएका घर, आँगनकै छेवैमा सुकाइएका मकैका झुत्ता, फूलबारी र परम्परागत पहिरनमा देखिने स्थानीयले आगन्तुकलाई स्वागत गरिरहेका भेटिन्छन् ।

क्व्होलासोथार गाउँपालिका उपप्रमुख यमिमाया गुरूङका अनुसार भुजुङमा हाल ३६२ घरधुरी छन् भने ३३ घरमा होमस्टे सञ्चालनमा छन् । "भुजुङ पर्यटकको रोजाइमा पर्न थालेको छ", उहाँले भन्नुभयो, "विशेषगरी गुरूङ संस्कृति, मौलिक परिकार र प्राकृतिक जीवनशैली अनुभव गर्न आउने पर्यटकको सङ्ख्या बढिरहेको छ ।"

गुरूङका अनुसार घरबास कार्यक्रमले गाउँको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ । घरबास (होमस्टे)बाट प्रत्यक्ष लाभ लिने घरधुरी मात्रै होइन, छिमेकीसमेत कृषि उत्पादन, स्थानीय परिकार, हस्तकला तथा अन्य सेवामार्फत लाभान्वित भइरहेका छन् ।

गाउँमा अधिकांश खाद्यान्न अर्गानिक उत्पादन हुने गरेको छ। खेतबारी घर नजिकै रहेकाले होमस्टेमा बस्ने पाहुनालाई स्थानीय उत्पादनबाट तयार गरिएका परिकार पस्किने गरिएको छ । स्थानीयको मुख्य पेसा कृषि र वैदेशिक रोजगारी भए पनि पछिल्ला वर्षमा पर्यटन व्यवसाय आयआर्जनको महत्वपूर्ण आधार बन्दै गएको उपप्रमुख गुरूङले बताउनुभयो । गाउँपालिकाले भुजुङको पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास, जनचेतना तथा स्थानीयको क्षमता अभिवृद्धिमा सहकार्य गरिरहेको उहाँको भनाइ छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले पनि भुजुङलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग गर्दै आएको स्थानीय बताउँछन् । सरसफाइ अभियान, पर्यावरण संरक्षण तथा जनचेतनामूलक कार्यक्रममार्फत गाउँलाई व्यवस्थित बनाउन सहयोग पुगेको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालयका प्रमुख प्रमोदराज रेग्मीका अनुसार आयोजनाले यस क्षेत्रको जैविक विविधता संरक्षणसँगै स्थानीयको जीविकोपार्जन सुधारका लागि काम गर्दै आएको छ । "पर्यटन प्रवर्द्धन र वातावरण संरक्षणलाई सँगसँगै अघि बढाउने प्रयास भइरहेको छ", उहाँले भन्नुभयो । आयोजनाले लघुजलविद्युत् सञ्चालन, चियाबारी व्यवस्थापन तथा सरसफाइ अभियानमा स्थानीयलाई सहयोग गर्दै आएको छ । "गाउँलेसँग हातेमालो गरेर वातावरण संरक्षण र पर्यटन विकासमा सँगसँगै काम गरिरहेका छौँ", रेग्मीले भन्नुभयो ।



स्थानीयवासी गाउँ छाडेर बाहिर बसाइँ सर्नेक्रम अन्यत्रभन्दा कम रहेको पनि यहाँको विशेषता हो । गाउँमै कृषि, पर्यटन र अन्य साना व्यवसायबाट आयआर्जनको अवसर बढ्दै गएपछि अधिकांश स्थानीय आफ्नै ठाउँमा सक्रिय देखिन्छन । भुजुङका होमस्टे सञ्चालक हुमकुमारी गुरूङले पाहुनालाई गाउँकै उत्पादनबाट तयार गरिएका परिकार खुवाउने गरिएको बताउनुभयो । "ढिंडो, कोदोको रोटी, लोकल कुखुरा, माछा, खसी, गाउँकै सागपात, निगुरो र अचार पाहुनाले मन पराउनुहुन्छ", उहाँ थप्नुहुन्छ, "स्थानीय स्वाद र आत्मीय व्यवहारकै कारण धेरै पाहुना फेरिफेरि आउनुहुन्छ ।"

भुजुङ केबल प्राकृतिक सौन्दर्यका कारण मात्र चर्चित छैन,

बाँकी अन्तिम पेजमा

# मुस्ताङका तीन पालिकामा वन्यजन्तुको आक्रमणबाट २३९ पशुधनको क्षति

**रासस**/मुस्ताङ

पछिल्लो चारवर्षमा यहाँका तीन पालिकामा वन्यजन्तुको आक्रमणबाट २३९ वटा पशुधनको क्षति भएको छ । अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) कार्यालय जोमसोमको वार्षिक तथ्याङ्कअनुसार यहाँका बारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकामा किसानका २३९ पशुधनको क्षति भएको हो ।

कृषि तथा पशुपालन र पर्यटन केन्द्रित जिल्लामा पशुपालन व्यवसाय वर्षौंदेखि गरिँदै आइएको छ । पछिल्लो समय भने यहाँका उच्चलेकका चरनक्षेत्र र बस्तीमा खडा गरिएका याकचौँरी र भेँडाच्याङ्ग्राको वासस्थान वन्यजन्तुको जोखिममा पर्न थालेपछि असुरक्षित बन्दै जान थालेका छन्।

मानव-वन्यजन्तु द्वन्द्वका कारण यहाँको परम्परागत पशुपालन व्यवसाय सङ्कटमा पर्न थालेको स्थानीय बताउँछन् । हिउँ चितुवा, चितुवा र ब्वाँसोको आक्रमणका कारण पशुधनमा क्षति हुन थालेपछि परम्परागत पशुपालन व्यवसाय जोखिममा पर्न थालेको किसान बताउँछन् ।

हालसम्म तीन पालिकाका ६८ परिवार घरधुरीका २३९ वटा पशुधनमा हिउँ चितुवा, चितुवा र ब्वाँसोले क्षति पुऱ्याएको एक्यापका प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो चार आर्थिक वर्षमा वन्यजन्तुका कारण १२ याक, सात चौँरी, ११७ च्याङ्ग्रा, ३८ भेँडाबाख्रा, दुई खच्चड र आठ वठा घोडा मरेका छन् भने बाँकी अरू पशुधन रहेका छन् ।

यहाँका तीन गाउँपालिका अन्तर्गत पहिलो आव २०७९/८० मा ३१, आव २०८०/८१ मा ५६, आव २०८१/८२ मा ८६ र चालु आवको वैशाखसम्म ६६ वटा पशुधनमा वन्यजन्तुले क्षति पुऱ्याएका एक्याप प्रमुख गुप्ताले जानकारी दिनुभयो ।

राष्ट्रिय निकुञ्ज तथा व्न्यजन्तु संरक्षण विभागको वन्यजन्तु क्षति राहत निर्देशिका, २०८० अनुसार अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले वन्यजन्तुबाट क्षति भएका पीडित किसानलाई क्षतिपूर्तिबापत राहत रकम उपलब्ध गराउँदै आइरहेको छ । उक्त निर्देशिका अनुसार याकचौँरी, घोडा र खच्चडको बढीमा रू ६० हजार र भेँडाच्याङ्ग्राको बढीमा रू १० हजारसम्म राहत रकम उपलब्ध गराउने गरिएको एक्याप जोमसोमका प्रमुख गुप्ताले बताउनुभयो ।

एक्याप जोमसोमले यहाँका तीन पालिकाका पीडित किसानलाई चार आर्थिक वर्षमा पशुधन क्षतिबापत रू २५ लाख २१ हजार राहत हस्तान्तरण गरिसकेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आवको वैशाखसम्मको क्षतिपूर्तिबापतको रू पाँच लाख २९ हजार सम्बन्धित पशुधनीको बैंक खातामा उपलब्ध गराइएको छ ।

यसैगरी एक्याप संरक्षित उपल्लो मुस्ताङमा पनि एक्याप लोमान्थाङले पछिल्लो तीन आर्थिक

बाँकी अन्तिम पेजमा

# नेपालको सार्वजनिक प्रशासनिक संयन्त्र

नेपालमा निजामती सेवाको स्थापना राज्य निर्माण र शासन व्यवस्थाको विकाससँग गहिरो रूपमा जोडिएको विषय हो। आधुनिक प्रशासनिक प्रणालीको मेरुदण्ड मानिने निजामती सेवा कुनै पनि देशको "स्थायी सरकार" को रूपमा कार्य गर्दछ। यसले राजनीतिक परिवर्तनहरु भए पनि राज्य सञ्चालनको निरन्तरता कायम राख्छ। नेपालमा निजामती सेवाको विकास ऐतिहासिक, राजनीतिक, सामाजिक र प्रशासनिक आवश्यकताबाट प्रेरित भएको हो। यहाँ यसको पृष्ठभूमि, आवश्यकता, औचित्य, कानूनी प्रबन्ध, संरचना, स्थायी सरकारको अवधारणा तथा ट्रेड युनियन अधिकारसम्बन्धी चर्चा गरिएको छ।

**१. पृष्ठभूमि (Historical Background)**

नेपालमा निजामती सेवाको प्रारम्भिक स्वरूप राणाकाल (१८४६-१९५१) बाट देख्न सकिन्छ। राणा शासनमा प्रशासन पूर्ण रूपमा केन्द्रीकृत र वंशानुगत थियो। सरकारी पदहरूमा नियुक्ति योग्यता, प्रतिस्पर्धा वा पारदर्शिताको आधारमा नभई नातावाद, चाकडी र सत्तासँगको नजिकियताका आधारित हुन्थ्यो। प्रशासन जनउत्तरदायी नभई शासकप्रति उत्तरदायी थियो।

**प्रजातन्त्रपछि परिवर्तन**

२००७ सालमा प्रजातन्त्र स्थापना भएपछि आधुनिक प्रशासनिक प्रणालीको आवश्यकता महसुस गरियो। त्यसपछिः
- कर्मचारी व्यवस्थापनलाई व्यवस्थित बनाउन प्रयास गरियो
- प्रशासनलाई जनमुखी बनाउने अवधारणा विकास भयो
- योग्यता र प्रतिस्पर्धामा आधारित नियुक्ति प्रणालीको शुरुवात भयो

**लोक सेवा आयोगको स्थापना**

नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ३७ मा व्यवस्था भए अनुसार वि.सं. २००८ असार १ गते नेपाल पब्लिक सर्भिस कमिसनको नामबाट विधिवत् रूपमा लोक सेवा आयोगको स्थापना भयो। यसलेः
- खुला प्रतिस्पर्धाबाट कर्मचारी छनोट गर्ने
- योग्य व्यक्तिलाई सरकारी सेवामा ल्याउने
- प्रशासनलाई निष्पक्ष र व्यावसायिक बनाउने भूमिका निर्वाह गर्न थाल्यो।

**संघीय पुनर्संरचनापछिको अवस्था**

२०७२ को संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गरेपछि राज्यको पुनर्संरचना भयो। यसले प्रशासनिक संयन्त्रलाई संघ, प्रदेश र स्थानीय तहमा विभाजन गर्यो। तर, यस पुनर्संरचनासँगै संघीय कानूनको अभाव, कार्यक्षेत्रको अस्पष्टता र संस्थागत समन्वयका समस्या देखा परेका छन् ।

**२. निजामती सेवाको आवश्यकता (Need for Civil Service)**

नेपाल जस्तो विकासोन्मुख र संघीय शासन प्रणाली अपनाएको देशमा निजामती सेवाको आवश्यकता अत्यन्त महत्वपूर्ण र अपरिहार्य मानिन्छ। राज्य सञ्चालनको निरन्तरता, प्रभावकारिता र जनमुखी सेवा प्रवाह सुनिश्चित गर्न एक पेशेवर, दक्ष र उत्तरदायी प्रशासनिक संयन्त्र आवश्यक हुन्छ। यही आवश्यकता पूरा गर्न निजामती सेवाको स्थापना गरिएको हो।

**(क) प्रशासनिक स्थायित्व**

राजनीतिक व्यवस्था परिवर्तनशील हुन्छ। निर्वाचनको माध्यमबाट सरकारहरु समय-समयमा परिवर्तन भइरहन्छन्। यस्तो अवस्थामा यदि प्रशासन पनि अस्थायी भयो भने राज्य सञ्चालनमा अस्थिरता उत्पन्न हुन्छ। त्यसैले, दीर्घकालीन अनुभव, ज्ञान र निरन्तरता भएको स्थायी प्रशासन आवश्यक हुन्छ। निजामती सेवा यही स्थायित्वको आधार हो, जसले सरकार परिवर्तन भए पनि प्रशासनिक कामकारबाही निरन्तर सञ्चालन गरिरहन्छ।

**(ख) दक्षता र विशेषज्ञता**

आधुनिक राज्य सञ्चालन जटिल र बहुआयामिक हुन्छ। आर्थिक योजना निर्माण, पूर्वाधार विकास, सूचना प्रविधि व्यवस्थापन, कानूनी व्यवस्था, वातावरण संरक्षण आदि क्षेत्रमा विशेषज्ञता आवश्यक पर्छ। निजामती सेवाले यस्ता क्षेत्रमा दक्ष र प्रशिक्षित जनशक्ति उपलब्ध गराउँछ, जसले नीति निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउँछ। OECD अध्ययन अनुसार, "Public sector efficiency increases by २०–३०% with professional civil service training."

**(ग) विकास प्रशासन**

नेपाल एक विकासोन्मुख देश भएकाले योजनाबद्ध विकास आवश्यक छ। विकास योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनका लागि सक्षम प्रशासनिक संयन्त्र अनिवार्य हुन्छ। निजामती सेवाले विकास प्रशासनको माध्यमबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा महत्वपूर्ण योगदान पुर्याउँछ।

**(घ) सेवा प्रवाह**

राज्यको प्रमुख दायित्व जनतालाई आधारभूत सेवा उपलब्ध गराउनु हो। शिक्षा, स्वास्थ्य, खानेपानी, सुरक्षा, यातायात, सञ्चार लगायतका सेवा प्रभावकारी रुपमा जनतासम्म पुर्याउन निजामती सेवा अपरिहार्य हुन्छ। दक्ष र जिम्मेवार कर्मचारीमार्फत मात्र सेवा प्रवाहलाई छिटो, सहज र गुणस्तरीय बनाउन सकिन्छ।



**सन्तुलित ट्रेड यूनियन अधिकारः यूनियनका अधिकारहरू र प्रशासनिक अनुशासनबीच उचित सन्तुलन कायम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्छ । कर्मचारी ट्रेड यूनियनहरूलाई राजनीतिबाट अलग राख्नका लागि आचारसंहिता लागू गर्ने, सामूहिक वार्ता प्रणाली विकास गर्ने डिजिटल प्रशासन प्रवर्द्धन, क्षमता विकास तालिम जस्तासकरात्मक नीति बनाएर कार्यान्वयन गर्नु पर्दछ ।**

**शम्भु चापागाई**

**(ङ) कानूनी शासन (Rule of Law)**

कानूनको शासन लोकतान्त्रिक व्यवस्थाको आधार हो। कानूनको निष्पक्ष कार्यान्वयन बिना सुशासन सम्भव हुँदैन। निजामती सेवाले कानूनको कार्यान्वयन, नियमको पालना र प्रशासनिक न्याय सुनिश्चित गर्छ। यसले नागरिकको अधिकार संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्छ।

**३. निजामती सेवाको औचित्य (Justification)**

निजामती सेवा किन आवश्यक छ भन्ने प्रश्नको उत्तर यसको औचित्यबाट स्पष्ट हुन्छ। यो केवल प्रशासनिक संरचना मात्र नभई राज्यको स्थायित्व, विश्वसनीयता र प्रभावकारिताको आधार हो।

**(क) निष्पक्षता र तटस्थता**

निजामती कर्मचारीहरु राजनीतिक रूपमा तटस्थ रहनुपर्ने हुन्छ। उनीहरूले कुनै दल विशेषको हितभन्दा माथि उठेर राष्ट्र र जनताको हितमा काम गर्नुपर्छ। यसले शासन प्रणालीलाई निष्पक्ष, पारदर्शी र विश्वासिलो बनाउँछ।

**(ख) निरन्तरता**

राजनीतिक नेतृत्व परिवर्तन भए पनि विकास योजना, नीति र कार्यक्रमहरु निरन्तर अघि बढ्नुपर्छ। निजामती सेवाले यही निरन्तरता कायम राख्छ। यसले दीर्घकालीन योजना कार्यान्वयनमा स्थायित्व ल्याउँछ।

**(ग) जनउत्तरदायित्व**

निजामती सेवा जनताको सेवाका लागि स्थापित संस्था हो। कर्मचारीहरु जनताप्रति उत्तरदायी हुन्छन्। सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न निजामती सेवाको भूमिका महत्वपूर्ण हुन्छ।

**(घ) संस्थागत स्मृति**

निजामती कर्मचारीहरूले लामो समयसम्म काम गर्दा अनुभव, ज्ञान र सीप संचित गर्छन्। निजामती सेवा दीर्घकालीन संस्थागत स्मृति बोकेको संरचना हो। यस्तो स्मृतिले नीति निर्माण, निर्णय प्रक्रिया र सुधार कार्यक्रमहरूलाई प्रभावकारी बनाउन सहयोग गर्छ।

**४. कानूनी प्रबन्ध (Legal Framework)**

नेपालमा निजामती सेवाको सञ्चालनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन विभिन्न कानूनी प्रबन्धहरु गरिएको छ। यी प्रबन्धहरूले प्रशासनिक कार्यलाई कानूनी आधार प्रदान गर्छन्।

**(क) संविधान**

नेपालको संविधानले निजामती सेवाको आधारभूत संरचना निर्धारण गरेको छ। यसलेः
- लोक सेवा आयोगको व्यवस्था
- समावेशी र प्रतिस्पर्धात्मक भर्ती प्रणाली
- कर्मचारीहरूको अधिकार, कर्तव्य र दायित्व स्पष्ट रूपमा परिभाषित गरेको छ। संविधानले प्रशासनलाई निष्पक्ष र जनमुखी बनाउने लक्ष्य राखेको छ।

**(ख) निजामती सेवा ऐन, २०४९**

यो ऐन निजामती सेवाको मुख्य आधार हो। यसमाः
- नियुक्ति, सरुवा, बढुवा
- सेवा शर्त र सुविधा
- अनुशासन र सजाय

सम्बन्धी विस्तृत व्यवस्था गरिएको छ। यसले कर्मचारी व्यवस्थापनलाई व्यवस्थित बनाउँछ।

**(ग) निजामती सेवा नियमावली, २०५०**

नियमावलीले ऐनका प्रावधानहरूलाई कार्यान्वयन गर्ने प्रक्रियागत आधार दिन्छ। यसले दैनिक प्रशासनिक कामकारबाहीलाई स्पष्ट दिशा प्रदान गर्छ।

**(घ) लोक सेवा आयोग ऐन, २०६९**

योग्यता, प्रतिस्पर्धा र पारदर्शिताको आधारमा कर्मचारी छनोट गर्न यो ऐन अत्यन्त महत्वपूर्ण छ। यसले प्रशासनमा योग्य र सक्षम जनशक्ति प्रवेश गराउँछ।

**(ङ) सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४**

सेवा प्रवाहलाई छिटो, प्रभावकारी र जनमुखी बनाउन सुशासन ऐन लागू गरिएको छ। यसले प्रशासनमा पारदर्शिता, जवाफदेहिता र दक्षता अभिवृद्धि गर्न मद्दत गर्दछ।

**(च) संघीय सन्तुलन**

संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड प्रभावकारी बनाउन प्रशासनिक संयन्त्र आवश्यक हुन्छ।

**५. कर्मचारी समायोजन**

संघीयतामा कर्मचारी समायोजनका मुख्य चुनौतीहरु निम्न रहेका छन्:
- संघीय कानूनको अभावः कर्मचारी समायोजन र व्यवस्थापनका लागि आवश्यक पर्ने संघीय कानूनहरूको पर्याप्त व्यवस्था नहुनु एक प्रमुख चुनौती हो ।
- कार्यक्षेत्रको अस्पष्टताः संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको कार्यक्षेत्र र अधिकारका बारेमा स्पष्टता नहुँदा समायोजन प्रक्रियामा समस्या देखिएको छ ।
- संस्थागत समन्वयको कमीः तीनवटै तह (संघ, प्रदेश र स्थानीय) बीच प्रशासनिक समन्वय र सहकार्यमा कमी हुनुले कर्मचारी व्यवस्थापनलाई जटिल बनाएको छ ।
- संरचनागत जटिलताः एकात्मक र केन्द्रीकृत राज्य प्रणालीबाट तीन तहको संघीय संरचना (संघ, प्रदेश र स्थानीय तह) मा कर्मचारीहरूलाई व्यवस्थित रूपमा परिचालन गर्नु चुनौतीपूर्ण कार्य हो ।
- कार्यान्वयनमा कमजोरीः कर्मचारी समायोजनका क्रममा भएका नीतिगत निर्णयहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु अर्को समस्या हो ।

**६. स्थायी सरकारको संरचना (Permanent Government Structure)**

निजामती सेवा "स्थायी सरकार" को रूपमा चिनिन्छ, किनभने यसले राज्य सञ्चालनमा निरन्तरता प्रदान गर्छ। स्थायी सरकार, संरचना (संघ, प्रदेश, स्थानीय तह), श्रेणी विभाजन, सेवा समूहहरु र भूमिकाहरू कानूनी रूपमा नै निर्दिष्ट गरि गठन भएको पाईन्छ । Max Weber अनुसार, "Bureaucracy is the most rational form of organization for complex administration."

**(क) राजनीतिक सरकार ख्व स्थायी सरकार**
- राजनीतिक सरकारः जनताबाट निर्वाचित प्रतिनिधिहरु, जसको कार्यकाल सीमित हुन्छ
- स्थायी सरकारः निजामती कर्मचारीहरु, जसले दीर्घकालीन रूपमा प्रशासन सञ्चालन गर्छन्

यी दुईबीच समन्वय हुँदा मात्र प्रभावकारी शासन सम्भव हुन्छ।

**(ख) संरचना**

संघीय संरचना अनुसार निजामती सेवा तीन तहमा विभाजित छः
- संघीय सरकार
- प्रदेश सरकार
- स्थानीय तह

यसले विकेन्द्रीकरण र स्थानीय स्तरमा सेवा प्रवाहलाई सुदृढ बनाएको छ।

**(ग) भूमिका**
- निजामती सेवाको मुख्य भूमिकाः
- नीति कार्यान्वयन
- प्रशासन सञ्चालन
- जनसेवा प्रवाह

**७. ट्रेड यूनियन अधिकार (Trade Union Rights)**

नेपालमा निजामती कर्मचारीलाई ट्रेड युनियन गठन गर्ने अधिकार प्रदान गरिएको छ, जुन लोकतान्त्रिक अभ्यासको एक महत्वपूर्ण पक्ष हो।

**(क) संवैधानिक आधार**

संविधानले प्रत्येक नागरिकलाई संगठनको अधिकार दिएको छ, जस अन्तर्गत निजामती कर्मचारीले पनि यूनियन गठन गर्न सक्छन्।

**(ख) ट्रेड यूनियनको भूमिका**
- कर्मचारीहरूको अधिकार संरक्षण
- सेवा शर्त सुधारका लागि आवाज उठाउने
- सरकार र कर्मचारीबीच संवादको सेतु बन्ने

**(ग) चुनौतीहरु**

यद्यपि, ट्रेड यूनियन अभ्यासमा केही समस्या देखिन्छन्:
- अत्यधिक राजनीतिकरण
- प्रशासनिक तटस्थतामा असर
- कार्यसम्पादनमा गिरावट

**(घ) सन्तुलन आवश्यक**

यूनियन अधिकार र प्रशासनिक अनुशासनबीच सन्तुलन कायम गर्न आवश्यक छ। यदि सन्तुलन बिग्रियो भने प्रशासनिक दक्षता र सेवा प्रवाहमा नकारात्मक प्रभाव पर्न सक्छ।

**(ङ) थप तथ्यांक, अन्तर्राष्ट्रिय उद्धरण र विश्लेषण**

(क) थप तथ्यांक (Data)
- ILO (२०२३) अनुसार विश्वभर करिब ५०% भन्दा बढी सार्वजनिक क्षेत्रका कर्मचारी कुनै न कुनै युनियनसँग आबद्ध छन्।
- नर्डिक देशहरूमा (स्वीडेन, नर्वे, डेनमार्क) युनियन सदस्यता दर ७०%-९०% रहेको छ।
- विश्व बैंकको अध्ययन अनुसार, "effective public sector management can increase national development outcomes by up to २५%."
- नेपालमा विभिन्न अध्ययनहरूले देखाउँछन् कि प्रशासनिक असन्तुष्टिका कारण सेवा प्रवाहमा २०-३०% ढिलासुस्ती देखिन सक्छ।

**(ख) अन्तर्राष्ट्रिय उद्धरण (त्तगयतभक)**
- "Freedom of association is a fundamental human right and a cornerstone of democracy." – ILO

८ "Public servants perform better when they feel heard and protected." – UNDP

८ "Collective bargaining contributes to stable and effective public administration." – OECD

८ "Good governance requires both strong institutions and active civil participation." – World Bank

**(ग) विश्लेषणात्मक टिप्पणी**

उपरोक्त तथ्यांक र अध्ययनहरूले देखाउँछन् कि ट्रेड युनियन अधिकारको उचित प्रयोगले प्रशासनिक दक्षता, पारदर्शिता र उत्तरदायित्वमा सकारात्मक प्रभाव पार्छ। तर यसको राजनीतिक दुरुपयोगले सेवा प्रवाह र प्रशासनिक तटस्थतामा नकारात्मक असर पार्न सक्छ। त्यसैले 'regulated unionism' अर्थात् नियमनसहितको युनियन अभ्यास आवश्यक देखिन्छ।

**८. निजामती सेवाका समस्या र चुनौतीहरु**

निजामती सेवामा देखिएका चुनौतीहरु
- राजनीतिक हस्तक्षेपः सरकार परिवर्तनसँगै कर्मचारीको सरुवा, बढुवा र नियुक्तिमा देखिने राजनीतिक प्रभावले पेशागत निष्पक्षतालाई कमजोर बनाइरहेको छ ।
- भ्रष्टाचार र पारदर्शिताको अभावः प्रशासनमा पारदर्शिता र जवाफदेहिताको कमीले गर्दा भ्रष्टाचार बढ्ने सम्भावना कायम रहेको छ ।
- दक्षता र प्रविधिको कमीः कर्मचारीहरूमा

बाँकी तेस्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको सुरुआतका हुनेछ। पारिवारिक सहयोग मिल्नेछ। व्यापार-व्यवसायमा सामान्य लाभ हुनेछ।

**वृष**
प्रेम सम्बन्धमा समझदारी बढ्नेछ। स्वास्थ्यमा भने खानपानमा ध्यान दिनु उचित हुनेछ।

**मिथुन**
आर्थिक पक्ष मजबुत बन्ने संकेत देखिन्छ। वैदेशिक क्षेत्रबाट शुभ समाचार प्राप्त हुन सक्छ।

**कर्कट**
कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्न सक्छ। खर्च बढ्ने भएकाले बजेट व्यवस्थापनमा ध्यान दिनुहोस्।

**सिंह**
मन प्रसन्न रहने दिन छ। पारिवारिक वातावरण सुखद रहनेछ। सामाजिक प्रतिष्ठा बढ्ने सम्भावना छ।

**कन्या**
व्यवसायमा लाभको संकेत छ। आफन्तसँगको सम्बन्ध प्रगाढ बन्नेछ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ।

**तुला**
भाग्यले साथ दिनेछ। धार्मिक तथा सामाजिक कार्यमा सहभागी हुने अवसर मिल्नेछ।

**वृश्चिक**
काममा ढिलासुस्ती हुनेछ। विवादबाट टाढा रहनु राम्रो हुनेछ। आफन्तको सहयोगले कठिन काम सहज बन्नेछ।

**धनु**
आर्थिक उन्नतिको सम्भावना छ। व्यापारमा नयाँ अवसर प्राप्त हुनेछ। दाम्पत्य जीवन सुखद रहनेछ।

**मकर**
आत्मविश्वास बढ्ने दिन छ। कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुनेछ। पुराना साथीभाइसँग भेटघाट हुन सक्छ।

**कुम्भ**
नयाँ जिम्मेवारी आउन सक्छ। व्यापार-व्यवसायमा सुधार आउनेछ। पारिवारिक सुख प्राप्त हुनेछ।

**मीन**
सोचेजस्तो परिणाम प्राप्त गर्न केही मेहनत गर्नुपर्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ। वैदेशिक काममा प्रगति हुनेछ।

# नेपालको सार्वजनिक .......

पर्याप्त तालिम र सीप विकासको अभाव देखिन्छ, साथै आधुनिक प्रविधिको प्रयोगमा पनि कमी रहेको छ।

- सेवा प्रवाहमा ढिलासुस्ती: प्रशासनिक प्रक्रियामा रहेका जटिलता र ढिलासुस्तीका कारण आम नागरिकले समयमै सेवा पाउन सकेका छैनन् ।
- ट्रेड यूनियनको अत्यधिक राजनीतिकरण: ट्रेड यूनियनहरूमा हुने राजनीतिकरणले प्रशासनिक तटस्थतामा असर पुर्याउनुका साथै कार्यसम्पादनमा गिरावट ल्याएको छ।
- संघीयता कार्यान्वयनका समस्या: संघीय कानूनको अभाव, कार्यक्षेत्रको अस्पष्टता, कर्मचारी समायोजनका चुनौती र संस्थागत समन्वयमा कमी जस्ता समस्याहरु अझै विद्यमान छन्।

**सुधारका उपायहरु**

- योग्यता (मेरिट) प्रणालीको सुदृढीकरण: कर्मचारीको नियुक्ति, सरूवा र बढुवालाई पूर्ण रूपमा योग्यता, प्रतिस्पर्धा र पारदर्शिताको आधारमा सुनिश्चित गरिनुपर्छ ।
- डिजिटल प्रशासनको प्रवर्द्धन: ई-गभर्नेन्स E–governance को माध्यमबाट सेवा प्रवाहलाई छिटो, पारदर्शी र आम जनताको पहुँचयोग्य बनाउन सकिन्छ ।
- क्षमता विकास र तालिम: कर्मचारीहरूलाई नियमित रूपमा आधुनिक प्रविधि, नयाँ सीप र दक्षता अभिवृद्धि सम्बन्धी तालिमहरु प्रदान गरिनुपर्छ ।
- भ्रष्टाचार नियन्त्रण र सुशासन: भ्रष्टाचार न्यूनीकरणका लागि कडा कानूनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।
- राजनीतिक हस्तक्षेप न्यूनीकरण: प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त राखेर व्यावसायिक र निष्पक्ष बनाउनुपर्छ ।
- नीतिगत र कानूनी सुधार: संघीय कानूनहरुको तर्जुमा, सुशासन मार्गचित्र २०८२ र मन्त्रिपरिषद्बाट स्वीकृत १०० कार्यसूचीहरुको प्रभावकारी कार्यान्वयनले प्रशासन सुधारमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ ।

सन्तुलित ट्रेड यूनियन अधिकार: यूनियनका अधिकारहरु र प्रशासनिक अनुशासनबीच उचित सन्तुलन कायम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्छ । कर्मचारी ट्रेड यूनियनहरूलाई राजनीतिबाट अलग राख्नका लागि आचारसंहिता लागू गर्ने ,सामूहिक वार्ता प्रणाली विकास गर्ने डिजिटल प्रशासन प्रवर्द्धन, क्षमता विकास तालिम जस्ता सकरात्मक नीति बनाएर कार्यान्वयन गर्नु पर्दछ।

**९. नेपालको निजामती सेवा र सार्वजनिक सेवा प्रवाहमा सुधारका उपाय:**

**(१) ई-गभर्नेन्स (विद्युतीय शासन):**

- सेवामा गति र छिटोछरितोपन: ई-गभर्नेन्सको माध्यमबाट प्रशासनिक प्रक्रियामा हुने ढिलासुस्ती र जटिलतालाई कम गरी सेवा प्रवाहलाई छिटो र छरितो बनाउन सकिन्छ ।
- पारदर्शिता र सुशासन: डिजिटल प्रणालीको प्रयोगले सरकारी कामकारबाहीमा पारदर्शिता बढाउँछ, जसले भ्रष्टाचार नियन्त्रण गर्न र प्रशासनलाई जनताप्रति बढी जवाफदेही बनाउन मद्दत गर्दछ ।
- पहुँचयोग्यता: यसले आम नागरिकका लागि सरकारी सेवाहरूलाई थप पहुँचयोग्य बनाउँछ, जसले गर्दा जनताले झन्झटरहित ढंगले सेवा प्राप्त गर्न सक्छन् ।
- प्रशासनिक दक्षता: आधुनिक प्रविधि र सूचना प्रविधिको व्यवस्थापनले निजामती कर्मचारीहरुको कार्यक्षमता र विशेषज्ञता वृद्धि गरी नीति कार्यान्वयनलाई थप प्रभावकारी बनाउँछ ।
- प्रक्रियागत सरलीकरण: ई-गभर्नेन्सले कागजी झन्झट र प्रक्रियागत जटिलताहरूलाई हटाएर सेवा प्रवाहलाई सरल र आधुनिक बनाउन सहयोग पुर्याउँछ ।

**(ख) डिजिटल प्रशासन र समग्र प्रशासनिक सुधार**

- प्रशासनिक सुधारको आधार: 'सुशासन मार्गचित्र २०८२' र मन्त्रिपरिषद्बाट स्वीकृत १०० कार्यसूचीहरुको प्रभावकारी कार्यान्वयनले प्रशासन सुधारमा महत्वपूर्ण योगदान पुर्याउँछ । यसले निजामती सेवामा रहेका विद्यमान समस्याहरु समाधान गर्न एउटा स्पष्ट दिशा प्रदान गर्दछ ।
- दक्षता र प्रभावकारिता वृद्धि: डिजिटल प्रविधिको प्रयोग र यो मार्गचित्रको कार्यान्वयनले निजामती सेवालाई अझ सक्षम र प्रभावकारी बनाउन मद्दत गर्दछ । यसले परम्परागत झन्झटिलो प्रक्रियालाई आधुनिक प्रविधिसँग जोड्न प्रोत्साहन गर्छ ।
- सेवा प्रवाहमा सुधार: डिजिटल प्रशासन वा ई-गभर्नेन्सको माध्यमबाट सेवा प्रवाहलाई छिटो, पारदर्शी र पहुँचयोग्य बनाउने लक्ष्यलाई यस मार्गचित्रले बल पुर्याउँछ । यसले सरकारी कामकारबाहीमा पारदर्शिता ल्याई भ्रष्टाचार नियन्त्रण गर्न समेत सहयोग गर्छ ।
- कार्यान्वयनको कमजोरी हटाउने: नेपालको प्रशासनमा नीतिहरु भए तापनि कार्यान्वयनमा कमजोरी देखिने गरेको छ। यो मार्गचित्रले त्यस्ता कार्यान्वयनका खाडलहरूलाई पुर्न र प्रशासनिक समन्वय बढाउन भूमिका खेल्छ ।

**(ग) नैतिकता (Ethics):**

१. व्यावसायिकता र निष्पक्षता: निजामती कर्मचारीहरूले राजनीतिक रूपमा तटस्थ रही प्रशासनलाई व्यावसायिक बनाउँदै राष्ट्र र जनताको सर्वोत्तम हितमा मात्र काम गर्नुपर्ने हुन्छ ।

- कानूनी प्रबन्ध र अनुशासन: निजामती सेवा ऐन, २०४९ ले कर्मचारीहरुको अनुशासन र सजायसम्बन्धी विस्तृत व्यवस्था गरेको छ, यसले सेवाभित्र नैतिक आचरण कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ।
- भ्रष्टाचार नियन्त्रण: सुशासनका लागि भ्रष्टाचार न्यूनीकरण गर्न कडा कानूनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।

**२. सदाचारिताका पूर्वाधार ( Ethical Infrastructure):**

- यसका लागि व्यक्तिमा सही र गलत छुट्याउने क्षमता विकास गर्न नैतिक शिक्षा र चेतना आवश्यक हुन्छ ।
- निर्णय प्रक्रियामा पारदर्शिता, आफ्नो कामप्रति जवाफदेही हुने संस्कार (उत्तरदायित्व) र सबैले समान रूपमा कानूनको पालना गर्ने वातावरण हुनुपर्छ ।
- उच्च पदस्थ अधिकारीहरूले उदाहरणीय नेतृत्व प्रदर्शन गर्दै इमान्दारिता र निष्ठा जस्ता सामाजिक मूल्य मान्यताको सम्मान गर्नुपर्छ ।

**(क) सदाचार नीति (Integrity Policy):**

एक प्रभावकारी सदाचार नीतिमा निम्न कुराहरु समावेश हुनुपर्छ:

- कर्मचारी र पदाधिकारीका लागि स्पष्ट आचारसंहिता र निजी र सार्वजनिक हितबीच सन्तुलन मिलाउने नीति ।
- भ्रष्टाचार रोक्नका लागि रोकथाम, अनुसन्धान र दण्डको स्पष्ट रणनीति ।
- राम्रो काम गर्नेलाई पुरस्कार र गल्ती गर्नेलाई सजाय दिने प्रणालीको विकास ।
- सूचना प्रवाहमा पारदर्शिता र नागरिकको सुझावलाई महत्व दिने व्यवस्थापन ।

**(ख) सदाचार आयोगको गठन (Formation of Integrity Commission):**

सदाचारिता कायम गर्न एक स्वतन्त्र र निष्पक्ष आयोगको आवश्यकता पर्दछ । यस्तो आयोग राजनीतिक हस्तक्षेपबाट मुक्त, योग्य र अनुभवी सदस्यहरु भएको र स्पष्ट अधिकार क्षेत्र (अनुसन्धान र अनुगमन) भएको हुनुपर्छ । यसले नियमित रूपमा आफ्नो प्रतिवेदन सरकार र जनतामा सार्वजनिक रूपमा प्रस्तुत गर्नुपर्छ र उजुरी दर्ता प्रक्रियालाई सहज बनाउनुपर्छ ।

**(ग) स्वार्थको द्वन्द सम्बन्धी कानून (Conflict of Interest) :**

शक्तिको दुरूपयोग रोक्न स्वार्थको द्वन्दलाई स्पष्ट रूपमा परिभाषित गरी कानून निर्माण गर्नुपर्छ । यस अन्तर्गत निम्न व्यवस्थाहरु हुनुपर्छ:

- पदाधिकारीहरूले आफ्नो सम्पत्ति र हितको अनिवार्य घोषणा गर्ने प्रणाली।
- नातावाद, पक्षपात र अनुचित प्रभावलाई रोक्ने निषेधात्मक प्रावधानहरू ।

पदको दुरूपयोग गर्नेलाई कडा कानूनी सजाय र गलत काम उजागर गर्ने व्यक्तिको लागि Whistleblower संरक्षणको प्रावधान ।

**१०. निष्कर्ष**

नेपालमा निजामती सेवाको स्थापना ऐतिहासिक आवश्यकता र आधुनिक राज्य सञ्चालनको अपरिहार्य अंग हो। राणाकालीन निरंकुश प्रशासनबाट सुरू भएको यात्रा आज संघीय लोकतान्त्रिक प्रणालीसम्म आइपुगेको छ। निजामती सेवा राज्यको स्थायित्व, विकास, सेवा प्रवाह र कानूनी शासन सुनिश्चित गर्ने प्रमुख आधार हो।

यद्यपि, यस क्षेत्रमा सुधारको आवश्यकता अझै कायम छ। राजनीतिक हस्तक्षेप न्यूनीकरण, पारदर्शिता वृद्धि, दक्षता विकास र डिजिटल प्रविधिको प्रयोगमार्फत निजामती सेवालाई अझ प्रभावकारी बनाउन सकिन्छ।

संघीय कानुनको अभाव, कर्मचारी समायोजनका चुनौती, प्रशासनिक समन्वयको कमी र कार्यान्वयन कमजोरी जस्ता समस्याहरु अझै विद्यमान छन्। सुशासन मार्गचित्र २०८२ र मन्त्रिपरिषद्बाट स्वीकृत १०० कार्यसूचीहरूको प्रभावकारी कार्यान्वयनले प्रशासन सुधारमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ।

अन्तत:, सक्षम, निष्पक्ष र उत्तरदायी निजामती सेवा नै सुशासनको आधार हो र यसले देशको समग्र विकासमा निर्णायक भूमिका खेल्दछ। *(लेखक नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनका पूर्व केन्द्रीय सदस्य हुन् ।)*

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com

## शिक्षक आवश्यकता

*विद्यालयमा दोश्रो पटक सूचना प्रकाशित मिति : २०८३/०२/०२*

घिरिङ गाउँपालिकाको कार्यालय तनहुँको च.नं. १०९३ मिति २०८३/०१/११ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको एक जना शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिल

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : आइ.एड. वा सोसरह उत्तीर्ण
४) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०२/०८ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०२/०८ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री राष्ट्रिय माध्यमिक विद्यालय**

घिरिङ-२, तनहुँ । सम्पर्क : ९७६९४९७३०६, ९८४६३३०२१७, ९८४६१५७४५५
Email : rashtriyasecondaryschool8@gmail.com

## जनज्योति माध्यमिक विद्यालय

JANAJYOTI SECONDARY SCHOOL, Bhimad-6, Tanahun, Estd : 2037

भिमाद नगरपालिका-६, भिमाद, तनहुँ,
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशन मिति: २०८३/०२/०३)**

यस विद्यालयबाट तपसिल बमोजिमका कार्यको लागि मिति २०८२/१२/३० मा बोलपत्र आब्हानको सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्र मूल्यांन हुँदा निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही रहेकोले उक्त वोलपत्र स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन,२०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम, ठेगना | कबोल अंक मु.अ.क. र पि.एस. सहित (रू.) |
|---|---|---|---|---|
| १ | 1/JSS/NCB /WORKS /082/83 | CONSTRUCTION OF DIFFERENT OF JANAJYOTI SECONDARY SCHOOL (JSS) | Bijendra Construction and Suppliers | ७१४४४२४.२९ (एकहत्तर लाख चौवालिस हजार चार सय चौविस रूपैयाँ उन्नतिस पैसा ।) |

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**जेठ ०१ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**जेठ ०२ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

ब्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

## बन्दीपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**बन्दीपुर अस्पताल**

बन्दीपुर-४, तनहुँ, गण्डकी प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धि सूचना

**(दोश्रो पटक प्रकाशन मिति: २०८३/०२/०३)**

बन्दीपुर अस्पतालद्वारा मिति २०८३/०१/१६ र मिति २०८३/०१/१७ गते प्रकाशित शिलबन्दी सूचनाहरूको सम्बन्धमा सो सूचनाहरू प्रकाशन गर्दाका समयमा मौजुदा कानुन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा ३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को ३(क) वमोजिम दोश्रो पटक सूचना प्रकाशन गर्नुपर्ने भएकोले ईच्छुक सम्बन्धित निर्माण व्यवसायीहरू सबैको लागि दोश्रो पटक सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र. सं | योजना/कार्यक्रमको नाम | योजनाको लागत रकम | दरभाउपत्र फारम दस्तुर | शिलबन्दी दरभाउपत्रको बैंक ग्यारेन्टी वा जमानत रकम | दरभाउपत्र बुझाउने अन्तिम मिति | कैं |
|---|---|---|---|---|---|---|
| १. | अस्पताल तथा आबास एवम् पुरानो भान्सा रंगरोगन एवम् अन्य मर्मतसम्भार तथा बाइरिंग | रू,७,७८,०९७.८५/- (पि.एस.सहित, भ्याट र कन्टिन्जेंसी बाहेक) | रू.१,०००/- | रू.२२,५००/- (बैंक ग्यारेन्टी ७५ दिन म्याद भएको हुनुपर्ने) | २०८३/०२/१९ गते बेलुकी ५:०० बजेसम्म | श्रोत: नेपाल सरकार समानीकरण अनुदान |
| २. | अस्पताल परिसर एवम् पोस्टमार्टम गृह तारजाली कम्पाउण्ड तथा गेट एवम् ट्रष्ट निर्माण र शौचालय निर्माण | रू,१०,७७,३०५.८२/- (भ्याट र कन्टिन्जेंसी बाहेक) | रू.१,०००/- | रू.३२,०००/- (बैंक ग्यारेन्टी ७५ दिन म्याद भएको हुनुपर्ने) | २०८३/०२/१९ गते बेलुकी ५:०० बजेसम्म | श्रोत: अस्पतालको आन्तरिक श्रोत |

**नोट:**

- अन्य सम्पूर्ण बिषय/शर्त/जानकारीहरू प्रथम पटक प्रकाशित सूचना बमोजिम नै हुनेछन ।
- विस्तृत सूचना बन्दीपुर अस्पतालको सूचना पार्टी तथा फेसबुक पेज एवम् अस्पताल प्रशासन शाखामा प्राप्त गर्न सकिनेछ।
- थप जानकारी एवम् समन्वयका लागि प्रशासन शाखा प्रमुख (९८५६०४२०६२) वा योजना शाखा प्रमुख (९८५६०६३५८१) संग सम्पर्क गर्नुहुन अनुरोध छ ।

**मेडिकल सुपरिटेण्डेन्ट (९८५६०६३३३१)**

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ जेठ ०३ आइतबार
May 17, 2026



**तरकारी खेतीको तयारी गर्दै विद्यार्थीहरू**ः म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ भगवतिमा रहेको मुक्तिधाम माध्यमिक विद्यालयका विद्यार्थीहरू तरकारी खेतीको लागि जमिन तयार पार्दै । मुक्तिधाम माविले विद्यार्थीलाई व्यावहारिक र ब्यवसायिक ज्ञान सिकाउने, छात्रावास र चमेनागृहका लागि आवश्यक तरकारी उत्पादन गर्न चार रोपनी जमिनमा तरकारी खेती गर्दै आएको छ । *तस्बिर : सन्तोष गौतम/रासस*

# नेपालमै पहिलोपटक हरित हाइड्रोजनबाट खाना पकाउने प्रविधिको विकास

**खेमराज गौतम/बागलुङ**

बागलुङको बडिगाड गाउँपालिकामा नेपालमै पहिलोपटक खाना पकाउने प्रयोजनका लागि हरित हाइड्रोजन ग्यास उत्पादन गर्ने प्रविधिको विकास गरिएको छ।

खेर गइरहेको विद्युत् र पानीको प्रयोग गरी उत्पादन गरिएको हाइड्रोजन ग्यासको सफल परीक्षणपछि अहिले सिलिण्डरमा भरेर चुलो बाल्न थालिएको हो । नमूना परियोजनाका रूपमा तीन वर्षअघि सुरू गरिएको अध्ययन तथा अनुसन्धान सफल भएपछि हाइड्रोजन ग्यास उत्पादन गरी व्यावसायिक प्रयोगतर्फ अघि बढाइएको जनाइएको छ । परियोजनाअन्तर्गत उत्पादन गरिएको ग्यासबाट चुलो बालेर सजिलै खाना पकाउन सकिने देखिएको छ ।

त्रिभुवन विश्वविद्यालयसहित विभिन्न देशका विश्वविद्यालय, वैज्ञानिक तथा प्राविधिक संस्थाको सहकार्यमा परियोजना सञ्चालन गरिएको हो । परियोजनाले अब हाइड्रोजन ग्यासको सुरक्षित वितरण प्रणाली र व्यावसायिक विस्तारका विषयमा थप अध्ययन अघि बढाउने जनाएको छ ।

बडिगाड गाउँपालिका–२ स्थित गिरिङ्दिखोला लघु जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् प्रयोग गरी हाइड्रोजन ग्यास निकालिएको हो । विसं २०६६ मा स्थापना भएको उक्त लघु जलविद्युत् आयोजनाको विद्युत् खपत नभई खेर गइरहेको अवस्थामा त्यसैलाई उपयोग गरेर नयाँ प्रविधिको परीक्षण गरिएको हो ।

तीन वर्षदेखि सात वटा साझेदार तथा प्राविधिक संस्थाको सहकार्यमा गरिएको अध्ययनबाट हालसम्म आठ वटा सिलिण्डरमा हरित हाइड्रोजन ग्यास भरिएको छ । एक वर्षअघि गरिएको प्रारम्भिक परीक्षण सफल भएपछि अहिले सिलिण्डरमा सुरक्षित रूपमा भर्ने कार्य थालिएको हो ।

नेपाल इनर्जी फाउण्डेसनका अध्यक्ष मोहनदास मानन्धरका अनुसार पानीमा रहेको अक्सिजन अलग गरी हाइड्रोजन मात्रै निकालेर सिलिण्डरमा भर्ने प्रविधि प्रयोग गरिएको हो । आवश्यकताअनुसार उक्त ग्यास चुलोमा प्रयोग गर्न सकिने उहाँले बताउनुभयो ।

नेपाल इनर्जी फाउण्डेसन, ऊर्जा र वातावरणका लागि महिला सञ्जाल नेपाल, एसएण्डएओ कम्पनी लिमिटेड युके र एचएसएलयु स्विटजरल्याण्ड साझेदार तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र काठमाडौँ, बडिगाड गाउँपालिका र गिरिङ्दिखोला लघु जलविद्युत् आयोजनाको सहकार्यमा विभिन्न देशका वैज्ञानिक तथा प्राविधिकहरूको सहयोगमा खाना पकाउनका लागि हाइड्रोजन ग्यास उत्पादन गरिएको हो ।

उत्पादन गरिएको हाइड्रोजन ग्यासबाट चुलो बालेर शुक्रबार गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतबहादुर शेरचनले परियोजनाको उद्घाटन गर्नुभएको थियो । मन्त्री शेरचनले हरित हाइड्रोजनले वातावरण संरक्षण, विद्युत् खपत वृद्धि तथा स्वदेशी ऊर्जाबाट खाना पकाउने सम्भावना बढाउने भएकाले यस्ता परियोजनालाई राज्यले नीतिगत रूपमा अघि बढाउनुपर्ने बताउनुभयो।

नेपाल इनर्जी फाउण्डेसनका व्यवस्थापक डिल्ली घिमिरेका अनुसार उत्पादन गरिएको ग्यास सुरक्षित रूपमा सिलिण्डरमा भर्ने विषयमा मात्रै १८ महिना अध्ययन गरिएको थियो । उहाँले एक केजी हाइड्रोजन ग्यासले सानो परिवारलाई करिब एक सातासम्म खाना पकाउन पुग्ने उहाँको भनाइ छ ।

गिरिङ्दिखोला लघु जलविद्युत् सहकारीको ७५ किलोवाट क्षमताको आयोजनाको पुनर्निर्माण, भवन तथा कुलो मर्मतदेखि ग्यास उत्पादनसम्म आइपुग्दा अध्ययनबाहेक करिब रू एक करोड खर्च भइसकेको घिमिरेले बताउनुभयो ।

गिरिङ्दिखोला लघु जलविद्युत् सहकारीका अध्यक्ष बेलबहादुर थापाले खेर गइरहेको विद्युत्लाई उपयोग गरी उपभोक्ताका लागि खाना पकाउने इन्धन उत्पादन गरिएको बताउँदै अब नागरिकको पहुँचभित्र पर्ने सुरक्षित सिलिण्डर विकास र विस्तारका विषयमा अध्ययन गरिने जानकारी दिनुभयो। स्थानीय विष्णु अर्यालले हाइड्रोजन इन्धनबाट पकाएको खाना स्वादिलो हुनुका साथै खाना छिटो पाक्ने अनुभव सुनाउनुभयो । *रासस*

## लमजुङको भुजुङ........

यो गाउँ गुरूङ संस्कृतिको जीवित सङ्ग्रहालयका रूपमा पनि परिचित छ । यहाँ स्थानीय लोपोन्मुख सांस्कृतिक नृत्य अझै जोगाइएका छन् । विशेष अवसर र पर्यटकीय मौसममा स्थानीय युवा तथा अग्रज मिलेर सांस्कृतिक प्रस्तुति देखाउने गर्छन् । स्थानीय लालीगुराँस युवा क्लबका अध्यक्ष नौराजगुरूङका अनुसार असोजदेखि मङ्सिरसम्म र चैत–वैशाखमा पर्यटकको चाप बढी हुन्छ । "सिजनमा घरबास भरिभराउ हुन्छ", गुरूङ भन्नुहुन्छ, "विदेशीभन्दा आन्तरिक पर्यटक अहिले बढी आउन थालेका छन।"

भुजुङ पुगेका पर्यटकलाई गाउँको शान्त वातावरण, गुरूङ संस्कृति र आतिथ्यले आकर्षित गर्ने गरेको छ । काठमाडौँबाट घुम्न आउनुभएका सरस्वती गोतामेले गाउँमा पुग्दा आफूले पुरानो नेपाली जीवनशैली नजिकबाट अनुभव गर्न पाएको अनुभव सुनाउनुभयो ।

"यहाँको वातावरण निकै शान्त र स्वच्छ छ, सहरको भीडभाडबाट टाढा केही दिन बस्नका लागि भुजुङ उत्कृष्ट गन्तव्य रहेछ", उहाँले थप्नुभयो । व्यवस्थित सडक हुने हो भने यहाँ पर्यटकको चाप बढ्ने उहाँको धारणा छ ।

गाउँमा कृषिकर्म पनि चलिरहेको छ । गाउँमा प्रायः सबै मानिस व्यस्त रहेन गरेका छन् । कोही खेतबारीमा गोडमेल गर्दै गरेका त कोही हस्तकलाका सामग्री बुन्ने काममा समेत व्यस्त देखिन्छन्। बाँस, निगालो र ऊनबाट बनाइने सामग्रीले गाउँको मौलिकता झल्काउँछ । गाउँमा पर्यटन प्रवर्द्धनसँगै सडक, सञ्चार र खानेपानीजस्ता पूर्वाधार विस्तार हुँदै गए पनि स्थानीयले मौलिकता जोगाउन प्रयास भने गरेका छन् ।

प्राकृतिक सुन्दरता, गुरूङ संस्कृतिको जीवन्त अभ्यास, स्थानीय परिकार र आत्मीय आतिथ्यका कारण भुजुङ अहिले लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । सहरको कोलाहलबाट केही समय टाढा रहेर गाउँको मौलिक जीवन अनुभव गर्न चाहनेका लागि भुजुङ आकर्षक रोजाइ बनेको छ । *रासस*

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## facebook twitter




**Surya Raj Acharya**
x.com/SuryaRAcharya

हाम्रो राज्यप्रणाली र कानुनी व्यवस्था अझै विकास–समृद्धिमैत्री बन्न सकेको छैन। त्यसमाथि, विदेशी स्रोतमा निर्भर र बाह्य एजेन्डाबाट निर्देशित अतिवादी 'वातावरणवाद' ले विकासलाई अवरूद्ध गरेको छ। अब संरचनात्मक तहमै गम्भीर सुधार आवश्यक छ। वातावरण संरक्षण र विकासबीचको सन्तुलन नेपालको आफ्नै आवश्यकता, क्षमता र परिवेशअनुसार तय गरिनु पर्दछ।



**Tara Nath Dahal**
https://x.com/tndahal7

नेपालमा वर्षमा रु ४०अर्ब बढीको मोबाईल आयात हुन्छ। मोबाईल आजको युगमा आम मानिस र क्षेत्रको अपरिहार्य साधन भैसक्यो। यो सन्चारको मात्र साधन रहेन। यो साधन बिक्री र मर्मत गर्ने व्यवसायीको संख्या पनि पचास हजार माथि छ रे। यस्ता २७हजार व्यापारी सदस्य बनिसकेको महासंघ पनि रहेछ।



**Sunita**
x.com/Sunita720951281

समयले धेरै कुरा सिकाउछ
कसलाई समात्ने, कसलाई छोडने
कहिले बोल्ने, कहिले चुप रहने
अन्त्यमा
हामीसंग बाँकी रहने भनेको
हाम्रा अनुभवहरु र हाम्रा अनुभुतिहरु मात्र हुन !



**Kamal**
x.com/KamalBh12278882

शक्ति पृथकीकरणको सिद्धान्त सबैले पढ्न पर्ने आवश्यक देखियो,न्यायपालिका कार्यपालिका देश जनताको पक्षमा काम गर्ने एउटै अंग हुन् तर बिडम्बना सबै बाँडिएका छन्,कार्यपालिले काम गर्न खोज्दा न्यायपालिकाले रोक लगाउनु उचित हुदैन,म फेरि भन्छु कर्मचारीको सिस्टम नफेरे सम्म काम गर्न सहज छैन!

## मुस्ताङका तीन ......

वर्षमा वन्यजन्तुबाट भएका पशुधन क्षतिको राहत उपलब्ध गराएको छ । तीन आवमा रू ४५ लाख ९९ हजार पीडित पशुधनीको बैंक खातामा उपलब्ध गराइएको एक्याप लोमान्थाङ कार्यालयले जनाएको छ ।

जलवायु परिवर्तनका कारण उच्चलेक, खर्क र पाटनमा पानीका स्रोत घट्दै जानु, चरनक्षेत्रमा घाँस पलाउन कम हुनु र जङ्गली जनावर तथा हिउँ चितुवा आहारा प्रजाति पछ्याउँदै स्ती नजिक झर्नुलगायत कारणले यहाँका पशुपालन व्यवसाय सङ्कटमा पर्न थालेका एक्याप प्रमुख गुप्ताले बताउनुभयो । जलवायु परिवर्तनका कारण हिउँ चितुवालगायत जङ्गली वन्यजन्तु आहार पछ्याउँदै बस्तीमा देखा पर्न थालेकाले जोखिम थप बढ्दै गएको उहाँको भनाइ छ ।

यहाँका पशुपालक किसानको पशुचौपाया पालन गर्ने गोठ र खोरहरु गुणस्तरीय र दिगो भौतिक संरचना नहुँदा पनि वन्यजन्तुले पशुधनमा क्षति पुर्‍याउने क्रम बढेको एक्याप कार्यालयले जनाएको छ ।

## चार लेनको.........

पुल निर्माणका लागि विसं २०७९ साउनमा सम्झौता भएको थियो । तीन सय १५ मिटर लामो पुलमा छ वटा स्पान रहनेछन् । पुलको वारिपारी दुई/दुई 'प्रिस्टेटस् बक्स गडर' स्पान सम्पन्न भइसकेका छन् । उनका अनुसार फाउण्डेशनबाट सुपर स्ट्रक्चरको काम सकिएको छ । उनले भने, "मिडल स्पान दुई वटा कङ्क्रिट नेचर आर्क ब्रिज हो । त्यसको काम भइरहेको छ ।"

इन्जिनियर पाण्डेका अनुसार रू एक अर्ब २१ करोड भ्याटसहित लागतमा निर्माण भइरहेको पुल २३ मिटर चौडाइको एउटै मोनोलेथिक स्ट्रक्चर भएको यो मुलुककै पहिलो पुल हो । निर्माण कम्पनी अन्नक जेडआइष्टी जेभीका साइट म्यानेजर दिनेश कुमार श्रेष्ठले थपिएको म्यादभित्रै काम सम्पन्न गराउन आफूहरु लागिपरेको बताए ।

पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क डिजाइनको उक्त पुल चार लेनको हुनेछ । हाल नदीमाथि रहेको दुई लेनको पुल ३७० मिटर लम्बाइको छ । सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ ।

पत्रिकाको ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com,

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४